स्थानीय सरकार
राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
# स्वास्थ्य शाखा, भण्डारा
चितवन
बागमती प्रदेश, नेपाल

प.स. २०८२/०८३
च.न. ३२

मिति : २०८२।०५।११

**हैंजाको जोखिम सम्बन्धमा उच्च सतर्कता अपनाउन सार्वजनिक अनुरोध।**

हैंजा एक संक्रमक रोग हो। जुन प्रायः दुषित पानी, फोहोर वातावरण र अस्वस्थ खानपानका कारण फैलिन्छ। हाल यो रोग पर्सा जिल्लामा फैलिएको जानकारी प्राप्त भएको छ। यसको सङ्क्रमण छिट्टै नै फैलिने जोखिम भएकोले सम्पूर्ण नगरवासीहरुलाई उच्च सतर्कता अपनाउन हार्दिक अनुरोध गर्दछौं।

**हैजाबाट बच्ने उपायहरु:-**

- ❖ उमालेको वा फिल्टर गरिएको सुरक्षित पानी मात्र पिउनुहोस्।
- ❖ खाना राम्ररी पकाएर मात्र खानुहोस्।
- ❖ बाँकी खाना राम्रोसँग ढाकेर राख्नुहोस् र पुनः तताएर मात्र प्रयोग गर्नुहोस्।
- ❖ खाना खानु अघि साबुन पानीले राम्ररी हात धुनुहोस्।
- ❖ खुल्ला ठाउँमा दिसा नगर्नुहोस्/ नगराउनुहोस्।
- ❖ खुल्ला रुपमा राखिएका खानेकुराहरु नखानुहोस्।
- ❖ खानपिनका लागि प्रयोग हुने भाँडाकुँडाहरु सधै सफा राख्नुहोस्।
- ❖ हैंजाको लक्षण (**अचानक बारम्बार चौलानि पानी जस्तो पातलो दिसा लाग्ने, वान्ता हुने , शरीर कमजोर हुने, खुट्टा बाउडिने, कमजोर महसुस हुने**) देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस्।

" हैंजा रोकथाम गर्न सकिने रोग हो। सतर्कता अपनाऔं, सुरक्षित रहौं "

स्वास्थ्य शाखा प्रमुख